# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर,

२०७३

प्रदेश नं. १ नेपाल

## शिलबन्दी बोलपत्र आब्हन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०५/२८)

बेलका नगरपालिका कार्यालयको चालु आ.व.२०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्यको ठेक्का शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (मिति २०७५ आश्विन २६ गते) कार्यालय समय भित्र निर्माण व्यवसायी वा आधिकारिक प्रतिनिधीले व्यवसाय दर्ता प्रमाण-पत्र, नविकरण भएको ईजाजत-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, गत आ.व.को करचुक्ता प्रमाणपत्र र निर्माण कार्यसंग सम्बन्धित अनुभव सम्बन्धी अन्य कागजातको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निवेदन साथ तपसिलमा उल्लेखीत दस्तुर फिर्ता नहुने गरि वे.न.पा. कार्यालय वा वे.न.पा.वडा नं. ९ को वडा कार्यालयमा बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी कागजातहरु अध्ययन गरि उल्लेखित सबै विवरणहरु अनिवार्य रुपमा प्रष्टसंग भरि सम्बन्धित निर्माण व्यवसायी वा तोकिएको आधिकारिक प्रतिनिधीले बोलपत्र सम्बन्धी कागजातको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लगाई शिलबन्दी गरी खाम बाहिर स्पष्टसँग फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको नाम समेत लेखी ३१ औं दिन दिनको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु दर्ता गर्नुपर्ने अन्तिम दिनको २ : ०० बजे कार्यालयका प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा बेलका नगरपालिका कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र फाराम विक्री वा दाखिला गर्ने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र जमानत वेलका नगरपालिका कार्यालयको नाममा रहेको रा.बा.बैंक गाईघाट शाखा स्थित धरौटी खाता नं. २०९०३०३००७१०५ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट बेलका नगरपालिकाको नाममा जारी भएको कार्य प्रयोजन वा ठेक्का नं. अनिवार्य उल्लेख भएको बोलपत्र जमानत (Bid Bond) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेश गर्नुपर्नेछ ।

५. कार्यालयबाट प्रमाणित बोलपत्र पुस्तिकामा केरमेट नभएको, कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । साथै रित नपुगी पेश भएको र उल्लेखीत लागत अनुमान भन्दा बढी भएको शिलबन्दी बोलपत्र मान्य हुनेछैन ।

६. गलत विवरण पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

७. शिलबन्दी बोलपत्र भर्दा मु.अ.कर बाहेकको दररेट विश्लेषण गरि स्पष्ट रुपमा अंक र अक्षर दुवैमा अनिवार्य भर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा मात्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बेलका नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१०. विष्तृत सूचना सम्बन्धी विवरण यस कार्यालयको वेवसाईट वा कार्यालयको सूचना पार्टीमा हेर्न सकिनेछ । साथै अन्य विष्तृत जानकारी लिनुपरेमा कार्यालयको सम्पर्क नं. ०३५४३०११३, ४३०११२ मा सम्पर्क गर्न सकिनेछ ।

### शिलबन्दी बोलपत्र सम्बन्धी विवरण

| सि. नं | ठेक्का नं. | कामको विवरण | ला.अ.(मु.अ.क.र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र पत्र फारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०४/२०७५/०७६ | ब्यापारिक प्रयोजनको भवन (सटर) निर्माण | रु. ४३,०५,०००।- | रु.३०००।- | रु.१,१०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत